कोशी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ | संख्याः १ | मितिः २०८२।०१।०३

**भाग-१**

कोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
कोशी प्रदेश, नेपाल

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा १ र कोशी प्रदेश सभाबाट जारी भएको स्थानीय सरकारी सेवा(गठन तथा संचालन) ऐन २०८० को दफा १५१ बमोजिम कोशी गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## कोशी गाउँपालिकाको कर्मचारी कल्याण कोष संचालन कार्यविधि - २०८२

# कोशी गाउँपालिकाको कर्मचारी कल्याण कोष संचालन कार्यविधि,२०८२

प्रस्तावनाः

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-११ को दफा–९१(१) मा भएको अवकाश कोष सम्बन्धी कार्य गर्न कोशी गाउँपालिकाको प्रशासकीय कार्यविधि - नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कोशी गाउँपालिकाको गाउँ सभाको मिति २०८२/०१/०३ गतेको बैठकको निर्णयले यो कोशी गाउँपालिकाको कर्मचारी कल्याण कोष संचालन कार्यविधि, २०८२ बनाएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधिको नाम कोशी गाउँपालिकाको कर्मचारी कल्याण कोष संचालन कार्यविधि,२०८२ रहेको छ ।

(ख) यो कार्यविधि कोशी गाउँपालिका भरी लागू हुनेछ ।

(ग) यो कार्यविधि कोशी गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागू हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “प्रदेश कानून भन्नाले” कोशी प्रदेश सभाबाट जारी भएको कानून सम्झनु पर्दछ ।

(ख) “गाउँपालिका” भन्नाले कोशी गाउँपालिका सम्झनु पर्दछ ।

(ग) "गाउँ कार्यपालिकाको कार्यालय" भन्नाले कोशी गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(घ) "गाउँ सभा" भन्नाले कोशी गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

(ङ) " कर्मचारी कल्याण कोष" भन्नाले साविक स्थानीय तहमा स्थायी नियुक्ति भई यस गाउँपालिकामा समायोजन भएका कर्मचारीहरुको सेवा निवृत्त हुँदा नियम बमोजिम उपलब्ध गराइने सेवा सुविधाका लागि गाउँ सभाबाट र अन्य तहबाट स्वीकृत गरी रकम जम्मा गरिएको कर्मचारी कल्याण कोषलाई जनाउँदछ ।

(च) "अध्यक्ष" भन्नाले कोशी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कोशी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँदछ ।

(ज) "प्रशासन शाखा प्रमुख" भन्नाले कोशी गाउँपालिकाको प्रशासन शाखाको प्रमुखलाई जनाउँदछ ।

(झ) "आर्थिक प्रशासन शाखा प्रमुख" भन्नाले कोशी गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुखलाई जनाउँदछ ।

(ञ) "कार्यविधि" भन्नाले कोशी गाउँपालिकाको कर्मचारी कल्याण कोष संचालन कार्यविधि, २०८२ लाई जनाउँछ।

(ट) "कोष संचालक समिति" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठित समितिलाई बुझाउँछ ।

(ठ) "कर्मचारी कल्याण कोषमा समेटिने कर्मचारी" भन्नाले साविक स्थानीय तहमा स्थायी नियुक्ति भई यस गाउँपालिकामा यो कार्यविधि

जारी हुँदा सम्म समायोजन भई कार्यरत कर्मचारीहरुलाई जनाउँछ ।

## परिच्छेद -२

### कोष संचालक समिति सम्बन्धी व्यवस्थाः

३. कर्मचारी कल्याण कोषको संचालक समितिः

(१) कर्मचारी कल्याण कोषको संचालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको पदाधिकारी सम्मिलित एक समिति रहनेछः-

(क) प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष

(ख) प्रशासन शाखाको प्रमुख -सदस्य

(ग) यस कार्यविधिको दफा ४ (१) मा उल्लेखित कर्मचारीहरु मध्ये वरिष्ठ कर्मचारी -सदस्य

(घ) कानुन अधिकृत/कानुन सहजकर्ता -सदस्य

(ङ) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा १ बमोजिम गठित समितिको काम कर्तव्य र अधिकारः-

(क) कोषमा आर्थिक स्रोत जुटाउन पहल गर्ने,

(ख) कोषमा जम्मा भएको रकमबाट नियम बमोजिम सेवा निवृत्त कर्मचारीलाई उपलब्ध गराउनु पर्ने सेवा सुविधाका सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने ।

(ग) कोषको संचालन तथा व्यवस्थापन सम्बन्धी अन्य कार्यहरु गर्ने ।

## परिच्छेद -३

## कोषको स्थापना र संचालन सम्बन्धी व्यवस्थाः

४. कोषको स्थापना र संचालनः

(१) कर्मचारी कल्याण कोषमा समेटिने कर्मचारीहरुः साविक स्थानीय तहमा स्थायी नियुक्ति भई यस गाउँपालिकामा यो कार्यविधि जारी हुँदा सम्म समायोजन भई कार्यरत कर्मचारीहरु मात्र यस कल्याण कोषमा समेटिने छन्।

(२) कर्मचारी कल्याण कोषको स्थापनाः- यस कार्यविधिको दफा ४(१) मा उल्लेखित कर्मचारीहरु सेवा निवृत्त हुँदा सो बापत निजहरुलाई उपलब्ध गराइने सेवा सुविधाको व्यवस्था गर्न स्थापना गरिने कर्मचारी कल्याण कोषमा देहाय बमोजिमका रकमहरु रहनेछनः-

(क) कर्मचारी कल्याण कोषको लागि हालसम्म छुटयाइएको रकम,

(ख) गाउँपालिकाको गाउँ सभाको निर्णयले विनियोजन हुने रकम

(ग) नेपाल सरकार तथा कोशी प्रदेश सरकारबाट प्राप्त हुने रकम, अन्य सरकारी तहहरुबाट प्राप्त रकम,

(घ) अन्य रकम ।

**५. कोषको रकमको प्रयोग सम्बन्धी व्यवस्थाः**

(१) कोषमा जम्मा भएको रकम खर्च गर्ने विधिः साविक स्थानीय तहमा स्थायी नियुक्ति भई यस गाउँपालिकामा समायोजन भई कार्यरत कर्मचारीहरु सेवा निवृत्त हुँदा उपलब्ध गराइने सेवा सुविधाका सम्बन्धमा यस कोष संचालन गर्ने सम्बन्धी यस गाउँपालिकाबाट स्वीकृत कानून वा अन्य प्रचलित कानूनले निर्धारण गरे बमोजिमको उपदान, सञ्चित घर विदा, सञ्चित विरामी विदा र औषधी उपचार

खर्च शीर्षकको रकम यस कार्यविधिको दफा ३ बमोजिमको समितिको सिफारिसमा गाउँ कार्यपालिकाको कार्यालयको निर्णयले यस कोषबाट खर्च गरिनेछ । तर सोही विषयमा अन्य तहबाट सुविधा प्राप्त गर्ने कर्मचारीको हकमा भने दोहोरो पर्ने गरी सुविधा उपलब्ध गराइने छैन ।

(२) सेवामा बहाल रहँदै कुनै कर्मचारीको मृत्यु भएमा निजले प्रचलित नियम बमोजिम पाउने सुविधा निजको परिवारलाई उपलब्ध गराइनेछ । तर माथि उल्लेखित सेवा निवृत्त कर्मचारीलाई भ्रष्टाचार गरेको कसुर लगायत प्रचलित कानूनले सेवा सुविधा उपलब्ध गराउन बन्देज लगाएको अवस्थामा निजलाई वा निजको परिवारलाई उक्त सेवा सुविधा उपलब्ध गराइने छैन।

(३) कर्मचारी कल्याण कोष खाता गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखाको प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ।

## परिच्छेद -४
## विविध

**६. संघीय तथा प्रदेश कानून बमोजिम हुने.**

(१) यस कार्यविधिमा उल्लेख नभएका तर संघीय तथा प्रदेश कानूनमा व्यवस्था गरिएका कुराहरु सोही कानुन बमोजिम हुनेछ ।

(२) यस कार्यविधिमा उल्लेखित व्यवस्था संघ र कोशी प्रदेशको प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

**७. बाधा अड्काउ फुकाउने.-**

यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ ।

८. खारेजी र बचाउः- यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि यस गाउँपालिकाको कर्मचारी कल्याण कोषको नाममा वा यस कार्यविधि अन्तर्गत हुनुपर्ने भनी उल्लेख भए गरेका सम्पूर्ण कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

गाउँ सभाबाट स्वीकृत मितिः२०८२/०१/०३

आज्ञाले,
दामोदर दाहाल
प्रमुख प्रशासकीय अधिकृत